# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ७४ | काठमाडौं | बिहीबार, २३ असार २०७९ | Prabhab National Daily, | Thursday, July 7, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# विवादित बनेर बिदा भए जनार्दन

**अर्थको कमाण्ड सम्हालेदेखि नै मनामौजी देखिएका शर्मा एक वर्ष नपुग्दै बिदा भए। शर्मा अर्थमन्त्री भएको यही असार २९ गते एक वर्ष पुग्दै थियो। यो एक वर्ष उनी विवादै विवादमा फसे। तिनै विवादका कारण उनले अर्थमन्त्रीको कुर्सीसमेत गुमाउनुपर्‍यो।**

■ प्रभाव संवाददाता

**काठमाडौं–** एकपछि अर्को विवादमा तानिँदै गएका अर्थमन्त्री जनार्दन शर्माले अन्ततः राजीनामा दिएका छन्। बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले राजीनामाको घोषणा गरे।

पछिल्लोपटक बजेट बनाउँदा अनधिकृत व्यक्तिलाई प्रवेश गराएर करका दरमा हेरफेर गरेको आरोप लागेपछि उनी थप विवादमा तानिएका थिए। सोही घटनामा सूचनाको हक प्रयोग गरी मागिएको सिसिटिभी फुटेज दिन अस्वीकार गरेपछि अर्थमन्त्री शर्मामाथि राजीनामा र बर्खास्तीको चर्को दबाब थियो। अर्थ मन्त्रालयले उक्त सिसिटिभी फुटेज १३ दिनमै 'डिलिट' भएको जवाफ दिएको थियो।

प्रतिनिधिसभा बैठकमा बोल्दै शर्माले आफूले सिसिटिभी फुटेज डिलिट नगरेको दाबी गरे। बुधबार प्रतिनिधिसभाले ११ सदस्यीय विशेष छानबिन समिति गठन गरेपछि शर्मा राजीनामा दिन बाध्य भएका हुन्।

'सभामुखको पहलमा जुन छानबिन समिति बनेको छ, त्यसको स्वागत गर्छु। धन्यवाद दिन्छु। यो छानबिनका लागि मैले मार्गप्रशस्त गर्दै आफ्नो पदबाट राजीनामा दिएको घोषणा पनि गर्दछु,' अर्थमन्त्री शर्माले संसद्मा भने।

उनले बजेट बनाउँदा आफूले कुनै गल्ती नगरेको दाबी पनि गरे। राजीनामा दिएपछि संसद् भवनबाहिर पत्रकारहरूसँग कुरा गर्दै उनले भने, 'मैले कुनै गल्ती गरेको छैन। कमीकमजोरी गरेको छैन। यसबारे प्रश्न उठेपछि सत्यतथ्य छानबिन होस् भनेर राजीनामा दिएको हुँ।'

सरकारले जेठ १५ गते प्रस्तुत गरेको बजेट निर्माण प्रक्रियामा अनधिकृत मान्छे ल्याएर करका दर हेरफेर गरेको सार्वजनिक भएसँगै मन्त्री शर्माको चर्को विरोध हुँदै आएको थियो। उसो त जनार्दनको विरोधको शृंखला भने मन्त्री भएदेखि नै सुरु भएको हो।

**विवादै विवादको एक वर्ष**

शर्मा यसअघि शान्ति तथा पुनर्निर्माण, ऊर्जा, जलस्रोत तथा सिँचाइ र गृहमन्त्री भइसकेका व्यक्ति हुन्। हक्की स्वभावका



मानिने शर्माले अन्य मन्त्रालयको तुलनामा ऊर्जामन्त्री हुँदा वाहीवाही कमाए। उनी ऊर्जामन्त्री हुँदा काठमाडौंसहित देशका प्रमुख सहरमा लोडसेडिङ अन्त्य भएको थियो। जसको राजनीतिक लाभ शर्मा र उनका कार्यकर्ताले अहिलेसम्म लिइरहेका छन्।

तर, अर्थमा उनको 'पर्फमेन्स' जमेन। अर्थको कमाण्ड सम्हालेदेखि नै मनामौजी देखिएका शर्मा एक वर्ष नपुग्दै बिदा भए। शर्मा अर्थमन्त्री भएको यही असार २९ गते एक वर्ष पुग्दै थियो। यो एक वर्ष उनी विवादै विवादमा फसे। तिनै विवादका कारण उनले अर्थमन्त्रीको कुर्सीसमेत गुमाउनुपर्‍यो। जसलाई हामीले यहाँ संक्षेपमा चर्चा गर्दै छौं।

**अनधिकृत व्यक्तिको हालिमुहाली**

अर्थमन्त्री शर्माले बजेट सार्वजनिक गर्ने अघिल्लो दिन जेठ १४ गते मध्यराति अर्थ मन्त्रालयभित्र अनधिकृत व्यक्तिलाई प्रवेश गराएर करको दर परिवर्तन गरेको आरोप लागेको छ। करको दर हेरफेरका लागि पूर्वनासु रघुनाथ घिमिरेलगायतका दुई व्यक्ति मध्यरात मन्त्रालय पुगेको समाचार बाहिरिएपछि शर्मा विवादमा तानिए।

उनी बजेटको सूचना चुहाएको विवादमा पनि तानिएका छन्। बजेटमा संवेदनशील मानिने करका दर तोकिने छलफलमा अनधिकृत व्यक्ति प्रवेश गराई व्यावसायिक घरानालाई सूचना चुहाएको आरोप उनीमाथि लागेको छ।

**सिसिटिभी फुटेजले 'हंगामा'**

शर्माले अनधिकृत व्यक्तिलाई अर्थ मन्त्रालयमा प्रवेश गराई बजेटमा करका दर हेरफेर गरेको आरोप लागेपछि उपभोक्ता हित संरक्षण मञ्चले उक्त दिनको सिसिटिभी फुटेज अर्थ मन्त्रालयसँग मागेको थियो। तर, मन्त्रालयले फुटेज १३ दिनमा आफैं मेटिने जवाफ दियो। तर, सिसिटिभीसम्बन्धी कार्यविधिमा भने त्यस्ता फुटेज तीन महिनासम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ।

मन्त्री शर्माले सिसिटिभी फुटेजको माग गर्नेमाथि सार्वजनिक रूपमै तुच्छ टिप्पणीसमेत गरेका थिए। जसका कारण उनी आलोचनका पात्र बन्न पुगे।

**प्रतिस्थापन विधेयक**

तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले अध्यादेशमार्फत् ल्याएको बजेट पास गराएर कार्यान्वयन गर्न सक्ने भए पनि (बाँकी पृष्ठ ३ मा)

## बन्यो संसदीय समिति

बजेटका विषयमा विवादित बनेका अर्थमन्त्री शर्माबारे छानबिन गर्न ११ सदस्यीय विशेष संसदीय समिति बनेको छ। सभामुख अग्निप्रसाद सापकोटाले बुधबारको प्रतिनिधिसभा बैठकमा समितिको औपचारिक घोषणा गरे। संसदीय छानबिन समितिमा संसद्को सबभन्दा ठूलो दल नेकपा एमालेका चार जना, नेपाली कांग्रेस र नेकपा माओवादीका दुई-दुई जना सांसद रहेका छन्।

यस्तै, एकीकृत समाजवादी, जनता समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीका एक-एक जना सांसद समितिमा छन्। समितिमा सांसदहरू खगराज अधिकारी, प्रदीप ज्ञवाली, भानुभक्त ढकाल, विमला विक, पुष्पा भुसाल गौतम, सरलाकुमारी यादव, देवप्रसाद गुरुङ, शक्तिबहादुर बस्नेत, सिताराम महतो, लक्ष्मणलाल कर्ण र सुरेन्द्रप्रसाद यादव रहेका छन्। समितिलाई १० दिनभित्र प्रतिनिधिसभामा प्रतिवेदन पेस गर्ने समयसीमा दिइएको छ।

---

सरकारलाई आयोगको प्रस्ताव

## मंसिर २ मा प्रदेश र प्रतिनिधिसभाको निर्वाचन



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले प्रदेश र प्रतिनिधिसभाको निर्वाचन एकैसाथ गर्न सरकारलाई सिफारिस गरेको छ। आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया नेतृत्वको प्रतिनिधिमण्डलले बुधबार प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर आगामी मंसिर २ गते दुवै तहको निर्वाचन गर्न प्रस्ताव गरेको हो।

प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद्मा छलफल गरी उक्त विषयमा छिट्टै निर्णय लिइने बताएको जानकारी दिइएको छ। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगको सिफारिसमा निर्वाचनको मिति सरकारले तोक्ने व्यवस्था छ। विद्युतीय प्रणालीबाट मतदानको व्यवस्था गर्ने भएमा आवश्यक सामग्री आउँदो साउन मसान्तसम्म आयोगलाई उपलब्ध गराउन आयोगले आग्रह गरेको छ।

पाँच वर्षअघि २०७४ मा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई आधार मानेर दुवै सभाका सदस्यको समयावधि आगामी मंसिर २२ गते सम्पन्न हुने आयोगले जनाएको छ। निर्वाचन स्वतन्त्र, भयरहित, निष्पक्ष, विश्वसनीयका साथै खर्च न्यूनीकरण गर्न दुवै निर्वाचन एकै दिन सम्पन्न गर्ने तयारी गरेको आयोगको भनाइ छ।

**निर्वाचन खर्च १० अर्ब**

आयोगले प्रदेश र प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्न १० अर्ब रूपैयाँ खर्च लाग्ने अनुमान गरेको छ। आयोगको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीसँगको सोही भेटमा निर्वाचनका लागि १० अर्ब रूपैयाँ बजेट माग गरेको आयोगको एक अधिकारीले बताए।

यसअघि २०७४ सालको प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा सात अर्ब ८० करोड रूपैयाँ खर्च भएको थियो। अहिले तलब भत्तामा भएको वृद्धि, मतदाता र मतदान केन्द्रको संख्या वृद्धि र निर्वाचन सामग्रीको मूल्यवृद्धिलगायतका कारण बढी खर्च लाग्ने आयोगले आकलन गरेको छ।

'प्रदेश र प्रतिनिधिसभाको आगामी निर्वाचन सम्पन्न गर्न करिब १० अर्ब रूपैयाँ खर्च हुने प्रारम्भिक अनुमान पेस गरिएको छ,' आयोगका प्रवक्ता पौडेलले भने।

भेटमा प्रधानमन्त्री देउवा, गृहमन्त्री बालकृष्ण खाण, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मालगायत सहभागी थिए। आयोगको प्रतिनिधिमण्डलमा प्रमुख निर्वाचन आयुक्त थपलिया, निर्वाचन आयुक्तहरू ईश्वरीप्रसाद पौडयाल, रामप्रसाद भण्डारी, डा. जानकीकुमारी तुलाधर र सगुन शम्शेर जबरा सहभागी थिए।

---

**सन्दर्भ : वैदेशिक रोजगार**

# सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले 'सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन-२०७९' जारी गरेको छ। नेपाल सरकार र स्वीस सरकारबीचको द्विपक्षीय सम्झौताबमोजिम सुरक्षित आप्रवासन कार्यक्रमको एकरूपता र सहज कार्यान्वयनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त मार्गदर्शन जारी गरेको हो।

मन्त्रालयले सुरक्षित आप्रवासन कार्यक्रमसम्बन्धी गरेको व्यवस्थामा नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई राज्यको संयन्त्रबाट संरक्षण गरी सुरक्षित तथा मर्यादित वातावरणबाट लाभान्वित बनाउने लक्ष्य लिएको छ। कार्यक्रममा श्रम गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रूपमा काम गर्न सक्नेगरी कामदारलाई सूचना, सीप, परामर्शलगायतका सहयोग प्रदान गर्ने उल्लेख गरिएको छ। यसले वैदेशिक रोजगारसम्बद्ध निकायहरूको क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगारलाई थप उपलब्धिमुलक बनाउने उद्देश्य लिएको छ।

वैदेशिक रोजगारमा रहेका कामदारका परिवार तथा फर्केका कामदारको सञ्जाल निर्माण गर्नु, राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको सवलीकरणमा जोड दिनु, कार्यक्रम साझेदारहरूबीच समन्वय गर्नु, समुदायसँगको सहकार्यमा कामदारको समस्या समाधानका निम्ति सहजीकरण प्रणालीको विकास गर्न विभिन्न कार्यहरू गर्नु, यस कार्यक्रकासेवालाई दिगोरूपमा सञ्चालन गर्न प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक नीति, कार्यविधि, योजना तर्जुमा तथा कार्यान्वयनको लागि आवश्यक सहयोग पुर्‍याउनु जारी कार्यक्रमको क्रियाकलापमा पर्ने उल्लेख छ।

श्रम मन्त्रालयको नीतिगत नेतृत्वमा प्रदेश सरकार र स्थानीय तहको व्यवस्थापनमा संघ, प्रदेश र छनोट भएका स्थानीय तहमा कार्यक्रमको सञ्चालन हुनेछ। संघ प्रदेश र स्थानीय तहमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा गुणस्तरीय नतिजाको लागि हेल्भेटास नेपालसँग प्राविधिक सहयोग लिने जनाइएको छ। तीनवटै तहका सरकारबाट सञ्चालित सामी कार्यक्रमको गुणस्तरीय तथा प्रभावकारी कार्यान्वयनका लागि निरन्तर प्राविधिक सहयोग प्रदान गर्न हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालको व्यवस्थापनमा काठमाडौं र प्रदेशस्तरमा कार्यक्रम सहयोग एकाइ रहने छन्।

> **यस कार्यक्रमका लक्षित सेवाग्राही वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार, वैदेशिक रोजगारीमा रहेका कामदार, वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका कामदार र वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरू हुने छन्।**

कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह र सरोकारवाला निकायबीच समन्वय गर्ने, वार्षिक बजेट तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने, कार्यक्रम लागू भएका जिल्लाका स्थानीय तहहरूमा आवश्यक बजेटको व्यवस्था मिलाउने, नियमित अनुगमन तथा सुपरीवेक्षण गरी सुधारका लागि निर्देशन दिने, कार्यप्रगतिको नियमित समीक्षा गर्नेलगायतका भूमिका निर्वाह गर्नुपर्नेछ। यो कार्यक्रम सञ्चालनका लागि वैदेशिक रोजगार विभागले पनि आवश्यक भूमिका र जिम्मेवारी बहन गर्नुपर्नेछ। यस्तै वैदेशिक रोजगार बोर्डले आर्थिक सहायतालगायतका सेवाहरू स्थानीय तह तथा प्रदेशबाट प्रदान गर्नका लगि सम्बन्धित स्थानीय तह र आप्रवासी स्रोत केन्द्रहरूको सबलीकरण गर्नमा सहजीकरण गर्नुपर्नेछ।

श्रम गन्तव्य मुलुकमा अप्ठारोमा परेका कामदारहरूको समस्या समाधानमा सामी कार्यक्रमअन्तर्गत परिचालन भएको राष्ट्रिय साझेदार संस्थालाई सहयोग गर्नुपर्नेछ भने स्थानीय तहमा स्थापना भएको रोजगार सेवा केन्द्रले वैदेशिक रोजगारीको क्षेत्रमा सूचना प्रवाह, सीप तालीम र कानुनी सेवामा सहजीकरण गर्नका साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायतालगायतको सेवा प्रवाहमा आप्रवासी स्रोत केन्द्रसँग समन्वय तथा सहकार्य गर्नुपर्नेछ। कार्यक्रमले वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा तिनका परिवारलाई सूचना प्रदान गर्न वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई रिटर्नी स्वयंसेवकको रूपमा परिचालन गर्नेछ। स्थानीयस्तरमा वैदेशिक रोजगारीसम्बन्धी सूचना प्रवाह गर्न सञ्चारमाध्यमको पनि प्रयोग हुनेछ।

कार्यक्रम सञ्चालनका लागि कूल बजेट ३२.०२ मिलियन स्वीस फ्र्यांक (करिब तीन अर्ब ३७ करोड रूपैयाँ) हुनेछ। जसमा स्वीस सरकारको २१.५८३ मिलियन स्वीस फ्र्यांक (करिब दुई अर्ब २३ करोड रूपैयाँ) र नेपाल सरकारको १०.४३७ मिलियन स्वीस फ्र्यांक (करिब एक अर्ब १४ करोड रूपैयाँ) उपलब्ध हुनेछ। यस कार्यक्रमका लक्षित सेवाग्राही वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार, वैदेशिक रोजगारीमा रहेका कामदार, वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका कामदार र वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरू हुने छन्। यस कार्यक्रमलाई विभिन्न ३८ जिल्लाका १५६ स्थानीय तहमा सञ्चालन गरिने छ। कार्यक्रमको समयावधि २०८१ असार ३१ गते रहने मन्त्रालयले जारी गरेको मार्गनिर्देशनमा उल्लेख गरिएको छ।

---

## श्रममन्त्री र युएईका राजदूतबीच भेटवार्ता

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबादुर कुँवर र नेपालका लागि संयुक्त अरब इमिरेटस (युएई) का राजदूत साइद अल नक्विबीच भेटवार्ता भएको छ। राजदूत नक्वि मन्त्री कुँवरलाई भेट्न बुधबार मन्त्रालय पुगेका थिए।

भेटवार्तामा नेपाल र युएईबीचको सम्बन्ध अझै मजबुत बनाउने विषयमा छलफल भएको जानकारी दिइएको छ। युएईमा काम गर्ने नेपाली श्रमिकका समस्यालाई सहजीकरण गर्ने विषयमा पनि कुराकानी भएको जनाएको छ। राजदूत नक्विलाई मन्त्री कुँवरले युएईबाट कामदारको विषयमा कुनै नयाँ प्रस्ताव आएमा दुई देशबीच आपसी सल्लाह गरेर अगाडि बढ्ने जानकारी गराएका थिए। साथै, उनले संयुक्त अरब इमिरेटसका ठूला लगानीकर्ताहरूलाई नेपालको पर्यटन उद्योग, हाइड्रोपावर, चिकित्सा शिक्षा, इञ्जिनियरिङ र सेवा क्षेत्रमा लगानी गर्न आह्वान गरे।



# ‘सर्वस्वीकार्य नहुँदा नागरिकता विधेयक फिर्ता’

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले नागरिकता जस्तो संवेदनशील विषयमा सर्वसम्मतरूपमा निर्णय हुन सकोस् भनेर नागरिकता विधेयक फिर्ता लिएको जनाएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले प्रतिनिधिसभाको बुधबारको बैठकमा सहभागी हुने क्रममा सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उक्त कुरा बताएका हुन्। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त विधेयक फिर्ता लिने निर्णय गरेको मन्त्री बढूले जानकारी दिए।

‘नागरिकता जस्तो संवेदनशील विषयमा बहुमत/अल्पमतमा निर्णय गर्दा मुलुकको हितमा हुन्न, अझै जिम्मेवारीपूर्वक सबै दलसँग बसेर छलफल गरी सर्वसम्मतरूपमा लैजानुपर्छ भन्ने निष्कर्ष सरकारको छ,’ मन्त्री बडूले भने।

विगतमा नागरिकताका विविध पक्षमा निर्णय भए पनि सर्वसम्मत हुन नसकेको उनले जानकारी दिए। ‘खासगरी वैवाहिक अंगीकृत नागरिकताको सम्बन्धमा केही समस्या यथावत रहेको छ,’ मन्त्री बडूले थपे, ‘त्यस विषयमा शीर्ष तहमै सर्वस्वीकार्य र विवादरहित ढंगले ऐन बन्नुपर्छ, नागरिक अधिकारसँग जोडिएको विषय पनि हो।’

विधेयकका कतिपय विषयमा संशोधनका प्रस्ताव आएको र त्यसमाथि नयाँ-नयाँ संशोधनमार्फत विवाद आउन थालेको पनि उनले जानकारी दिए। विधेयकलाई सर्वसम्मत बनाउने प्रयासस्वरूप गृहमन्त्री बालकृष्ण खाण र कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले यसअघि विभिन्न राजनीति दलका प्रमुखसँग भेटवार्ता गरेका थिए।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७५ साउन २२ मा सरकारी विधेयकका रूपमा संसद्मा दर्ता भएको थियो। उक्त विधेयकमाथि छलफलपश्चात २०७७ असार ९ मा राज्यव्यवस्था तथा सुशासन समितिले आफ्नो प्रतिवेदनसहित संसद्मा पेस गरेको थियो।

# दोस्रो मातृभाषा पत्रकारिता सम्मेलन सम्पन्न

■ प्रभाव संवाददाता



**काठमाडौं–** मातृभाषा पत्रकारितालाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यका दोस्रो मातृभाषा पत्रकारिता राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। नेवाः पत्रकार राष्ट्रिय दबूले मंगलबार राजधानीमा आयोजना गरेको उक्त सम्मेलन १० बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको हो।

मुलुकमा बोलिने विभिन्न मातृभाषामा पत्रकारिता गरिरहेका पत्रकारको संरक्षण, प्रोत्साहन र दक्षता वृद्धिका लागि मातृभाषाका पत्रकारितालाई यथोचित सहयोग गर्नुपर्नेमा सम्मेलनका सहभागीहरूले जोड दिए।

काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले मातृभाषा पत्रकारिताको संरक्षणमा राज्यले आवश्यक सहयोग गर्नुपर्ने बताइन्। ‘सरकारले नीतिगत एवं व्यवस्थापकीय काम गर्ने हो, कार्यान्वयनमा मातृभाषी समुदायको जिम्मेवारी महत्त्वपूर्ण हुन्छ,’ उनले भनिन्। मातृभाषा पत्रकारिताको माध्यमबाट पत्रकारितामात्र नभई मातृभाषाको संरक्षण एवं विकाससमेत योगदान पुग्ने उनको भनाइ थियो। भाषासँग लेख्य परम्परामा रहेको प्राचीन लिपिको संरक्षणमा लाग्न पनि आवश्यक रहेको उनले सुझाव दिइन्।

उपप्रमुख डंगोलले मातृभाषाको संरक्षणबाटै समुदायको भाषा, संस्कृति, संस्कारको संरक्षण हुने र त्यसले सम्बन्धित समुदायको पहिचान जोगाउने काम गर्ने हुनाले मातृभाषालाई जोगाउन अनिवार्य रहेको बताइन्। मातृभाषी पत्रकारले अफ्नो समुदायको विषयमा मात्र खुम्चिनु उचित नहुने उल्लेख गर्दै उनले मातृभाषा पत्रकारिताको माध्यमबाट देशको अवस्था, राजनीतिको विषय तथा अन्य पक्षलाई पनि उजागर गर्नुपर्ने उनले सुझाव दिइन्।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)का वरिष्ठ उपाध्यक्ष लक्की चौधरीले संस्कार, संस्कृतिको संरक्षण गर्न भाषाको संरक्षण अनिवार्य सर्त भएकाले मातृभाषा पत्रकारिता जोगाउन सरकारले आवश्यक सहयोग गर्नुपर्ने औंल्याए। नेपालको पहिचान नै बहुभाषिक, बहुसाँस्कृतिक, धर्मनिरपेक्ष मुलुक बनिसकेकाले त्यो पहिचान जोगाउन पनि राज्यले मातृभाषा संरक्षणमा जोड दिनुको विकल्प नरहेको उनको भनाइ थियो। मातृभाषा पत्रकारिताले एकातर्फ भाषाको संरक्षण गरिरहेको र अर्कोतर्फ सम्बन्धित समुदायको आवाज सरकारसँग लग्ने र सम्बोधनमा पैरवी गर्ने तथा राज्यको नीति, नियम तथा निर्णयलाई मातृभाषी नागरिकबीच प्रवाह गर्ने काम गरिरहेको उनले बताए।

सम्मेलनले आवश्यक कानुन बनाई राष्ट्रियरूपमा मातृभाषा पत्रकारिताको विकासका लागि वातावरण बनाउन सरकारसँग माग गरेको छ। मातृभाषाको पत्रकारिता सुरु भएको १०० वर्ष पुगेको अवसरमा पहिलो मातृभाषी पत्रकार धर्मादित्य धर्माचार्यको हुलाक टिकट प्रकाशित गर्न माग गर्दै त्यसका लागि पहल गर्ने निर्णय गरेको छ।

मातृभाषामा पत्रकारिता गर्दै आएका पत्रकारको क्षमता विकासका लागि सरकारी तहबाट ‘धर्मादित्य मातृभाषा पत्रकारिता विकास प्रतिष्ठान’ अविलम्ब गठन गर्न माग गर्दै सरकारीस्तरबाट स्थापित प्रेस काउन्सिल नेपाल, विज्ञापन बोर्ड, न्यूनतम पारिश्रमिक निर्धारण समितिलगायत सरकारी सञ्चारमाध्यममा मातृभाषी पत्रकारको समेत अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था मिलाउन आग्रह गरेको छ।

सम्मेलनमा विभिन्न जातीय पत्रकार संगठनका प्रतिनिधिहरू, मातृभाषा अभियन्ता, संघ संस्थाका प्रतिनिधिलगायतको सहभागिता थियो।

# पशुपति क्षेत्रमा गंगामाई रथयात्रा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पशुपति क्षेत्रमा पानीको कामना गर्दै गंगामाई जात्रा सुरु भएको छ। आषाढ शुक्ल सप्तमी अर्थात् अचला सप्तमीका दिन पशुपति क्षेत्रमा जलकी अधिष्ठात्री देवी गंगामाईको दिव्य रथयात्रा गर्ने परम्परा छ। पशुपति नाथ मन्दिर तथा पाशुपत क्षेत्रमा जलकी अधिष्ठात्री देवी गंगाको दिव्य रथयात्रा तथा विशेष अर्चना उपासना गरेपछि पानी पर्ने एवं खडेरी नहुने विश्वास गरिन्छ।

यो जात्रामा राज्यबाट हर्ष बढाइँका लागि गुरुज्युको पल्टनले सलामीसमेत प्रदान गर्ने प्राचीन परम्परा छ। गंगामाई जात्राको प्रतीकका रूपमा यसलाई अहिले पनि पशुपति क्षेत्र विकास कोषले निरन्तरता दिँदै आएको छ। पाशुपत क्षेत्र शाक्त सम्प्रदायकोसमेत उपासना स्थल हो।

भगवान् श्री पशुपतिनाथ मन्दिरको गर्भ गृहमा रहेको माता गंगाको अष्टधातुको मूर्तिलाई रथारोहण गराई पाशुपत क्षेत्रको देवमार्गमा परिक्रमा गराइन्छ।

# बकर इद मनाउन आइतबार सार्वजनिक बिदा

**काठमाडौं–** सरकारले यही असार २६ गते आइतबार इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद (इद उल अजहा)का दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ। उक्त पर्व आगामी आइतबारका दिन पर्ने भनी मुस्लिम आयोगबाट अनुरोध भई आएकाले सो दिन मुलुकभर सार्वजनिक बिदा कायम गर्ने निर्णय गरिएको गृह मन्त्रालयले बुधबार एक सूचना जारी गरी जनाएको छ।

# थप दुई जनामा हैजाको संक्रमण

■ प्रभाव संवाददाता

काठमाडौं- नेपालमा थप दुई जनामा हैजा भेटिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले हेटौँडा र चाँगुनारायण नगरपालिकामा दुई जनामा हैजाका बिरामी भेटिएका बताए। ती दुवै जनाको अहिले उपचार भइरहेको छ।

नयाँ थपिएकासँग अहिलेसम्म २१ जनामा हैजा भेटिएको उनले जानकारी दिए। अहिलेसम्म पाँच जना बिरामीको उपचार भइरहेको छ। हैजा तथा झाडापखाला रोगबाट बच्नका लागि उमालेको वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएको पानी मात्र पिउन आग्रह गरिएको छ। यस्तै खानेपानीलाई सधैँ सफा भाँडोले छोप्न, खानेकुरालाई राम्ररी पकाएर खान, सडेगलेको, बासी र झिँगा भन्केको खानेकुरा नखानसमेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ।

जिल्ला स्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख वसन्त अधिकारीले खानेपानीका कारणले हैजाका बिरामी बढेको बताए। उनका अनुसार हैजा देखिएका ठाउँको खानेपानी परीक्षण गर्दा खान अयोग्य रहेको छ। उनले कीर्तिपुरमा चार ठाउँका खानेपानीको नमूना परीक्षण गर्दा कोलिफर्म जीवाणु देखिएको जानकारी दिए।


## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०७९/०३/२२ गते**

यस कम्पनीको मिति २०७६/०९/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **छिमेकी विविध सेवा सर्भिस सेन्टर प्रा.लि ९.(दर्ता नं:२११०३९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **हाम्रो छिमेकी विविध सेवा प्रा.लि.**(नाम परिवर्तन) नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०८/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हाम्रो छिमेकी विविध सेवा प्रा.लि.** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Rawabi Al Janobi Contracting Est.

पूर्व स्वीकृति मिति २०७८/१२/१४ पून विज्ञापन स्वीकृति मिति २०७९/०३/२२ LT No.260444 चलानी नं.६०१७२५७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 6 | 0 | 1000 | ३३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Truck Driver | 2 | 0 | 1800 | ६०८७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: असार ३० गते (14th July. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shanbhu Marga, Kathmandu, Nepal. Tel: +977-01-4478737,4464082
FAX:+977-01-4464082, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ असार २३ गते बिहीबार (तिथिः अष्टमी, नक्षत्रः हस्त, शुक्लपक्ष)

| | |
|---|---|
| **मेष** | मनोरञ्जनात्मक यात्रा हुनेछ। |
| **वृष** | सामाजिक कार्यमा वृद्धि हुनेछ। |
| **मिथुन** | बाहिरी सहयोगमा कमी रहनेछ। |
| **कर्कट** | विरोधी कमजोर हुनेछ। |
| **सिंह** | दिदीबहिनीबाट सहयोग मिल्नेछ। |
| **कन्या** | पराक्रम बढ्ने योग छ। |
| **तुला** | पुराना बाधाहरू समाप्त हुने छन्। |
| **वृश्चिक** | स्वास्थ्य राम्रो रहनेछ। |
| **धनु** | मित्रहरूसँग भेट हुनेछ। |
| **मकर** | विवाद हुने योग छ। |
| **कुम्भ** | मनोवल उच्च रहनेछ । |
| **मीन** | प्रभाव र सम्मानमा वृद्धि हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २३ गते, २०७९, ६ जुलाइ २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**जीर्ण अवस्थामा पालुङवा दरबार** | ताप्लेजुङको सदरमुकाम फुङ्लिङ नगरपालिका–३ मा अवस्थित जीर्ण अवस्थामा रहेको ऐतिहासिक पालुङवा दरबार । *तस्बिरः रासस*

## विवादै विवादले...

पृष्ठ १ बाट जारी

शर्माले प्रतिस्थापन विधेयक अर्थात् नयाँ बजेट सार्वजनिक गरेका थिए । जसकारण चालु आर्थिक वर्षको बजेट असोजदेखि मात्रै कार्यान्वयनमा आयो । शर्माले भदौ अन्तिममा बजेट सार्वजनिक गरेका थिए ।

आम उपभोक्ताले बढी प्रयोग गर्ने १२५ देखि १५५ सिसीका मोटरसाइकलमा ४० प्रतिशत लाग्दै आएको अन्तःशुल्क प्रतिस्थापन विधेयकमार्फत ५० प्रतिशत पुर्‍याइयो । सडक दस्तुर तीन हजार रूपैयाँ थप गरी १८ हजार पुर्‍याइयो । २०० देखि २५० सिसी क्षमताका मोटरसाइकलमा ५० प्रतिशतका दरले लाग्दै आएको अन्तःशुल्क पनि बढाएर ६० प्रतिशत पुर्‍याइएको छ । निश्चित व्यापारीको लाभका लागि यस्तो नीतिगत परिवर्तन गरिएको अर्थमन्त्री शर्मामाथि आरोप लाग्ने गरेको छ ।

### मौद्रिक नीतिमा ढिलाइ

शर्मा मन्त्री भएर आउँदा गत वर्ष नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षका लागि मौद्रिक नीति बनाइसकेको थियो । राष्ट्र बैंक साउनको सुरुमै मौद्रिक नीति ल्याउने तयारीमा थियो ।

तर, मन्त्री शर्माले नयाँ बजेट ल्याउने भएपछि त्यसलाई सम्बोधन हुने मौद्रिक नीति चाहिने बताएका थिए । जसकारण साउन अन्तिममा मात्रै मौद्रिक नीति आयो । त्यहीकारण बैंक तथा वित्तीय संस्थाहरू चल्ने नीतिमै अलमल भयो ।

अर्थमन्त्री शर्माले मासिक १० प्रतिशत विकास खर्च गर्ने पनि बताएका थिए । बजेट कार्यान्वयनमा गएपछि आफ्नो लक्ष्य पूरा गरेरै छाड्ने उनको दृढता थियो । तर, कूल १० प्रतिशत विकास बजेट खर्च गर्न अर्धवार्षिकसम्मको समय कुर्नपरेको थियो ।

### गभर्नर निलम्बन प्रकरण

अर्थमन्त्री शर्माले गत चैत २४ गतेको मन्त्रिपरिषद् बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्ने गरी छानबिन समिति बनाउने प्रस्ताव लगे । जुन प्रस्ताव क्याबिनेट बैठकबाट पारित पनि भयो ।

तर, मन्त्रिपरिषद् बैठकले छानबिन समिति बनाएपछि गभर्नर अधिकारी निलम्बनमा परेको विषय चैत २५ मा मात्र सार्वजनिक भयो । त्यसपछि यो विवाद सर्वोच्च अदालत पुग्यो । सर्वोच्चले वैशाख ६ गते अन्तरिम आदेश जारी गरेर गभर्नर अधिकारीलाई पदमा फर्किने बाटो खोलिदियो ।

उक्त मुद्दा अहिले पनि विचाराधीन छ । गभर्नरमाथि छानबिन गर्न बनेको समिति पनि अदालतको आदेशसँगै निस्क्रिय भयो । यो प्रकरणका बेला पनि अर्थमन्त्री शर्माले राजीनामा दिनुपर्ने माग उठेको थियो । तर, उनले राजीनामा दिएनन् ।

### शंकास्पद रकमको लफडा

अर्थमन्त्री शर्माले केही समयअघि अमेरिकाबाट शंकास्पदरूपमा आएको रकम फुकुवा गरिदिन नेपाल राष्ट्र बैंकलाई निर्देशन दिएका थिए । जुन विषय चैत अन्तिममा बाहिरियो ।

अछामको बान्नीगढी जयगढ गाउँपालिका घर भएका पृथ्वीबहादुर शाह र उनका परिवारका नाममा अमेरिकाबाट करिब ४० करोड रूपैयाँ आएको थियो । ४० करोडमध्ये शर्माको पनि भाग हुनसक्ने भन्दै यो विषयले बजार तताएको थियो ।

अमेरिकाको फाइनान्सियल क्राइम इन्फोर्समेन्ट नेटवर्क (फिनसेन)ले उक्त रकम जफत गरेर फिर्ता गरिदिन नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेको थियो ।

त्यसपछि राष्ट्र बैंकले सम्बन्धित खाता रोक्का गरी अनुसन्धान अघि बढाएको थियो । यो विषयलाई सम्पत्ति शुद्धीकरण विभागले पनि अनुसन्धान गरिरहेको थियो । शर्माले अनुसन्धान गरिरहेका निकायलाई प्रभावित गर्ने गरी रकम फुक्का गरिदिन राष्ट्र बैंकलाई लिखित निर्देशन नै दिएका थिए । उनले सम्पत्ति शुद्धीकरण विभागले सफाइ दिइसकेकाले रकम नरोक्न भनेका थिए । तर, उनको कदमको व्यापक आलोचना भयो । यो प्रकरणमा समेत आफ्नो राजीनामाको माग उठे पनि अर्थमन्त्री शर्माले 'बालै दिएनन्' ।

### विद्युतीय सवारीमा कर थप

अर्थमन्त्री शर्माले आगामी आर्थिक वर्ष २०७९/८० का लागि ल्याएको बजेटले १०० किलोवाटभन्दा माथिका विद्युतीय सवारीमा अन्तःशुल्क लगाइदियो । यसअघि लाग्दै आएको भन्सार दर पनि बढाइयो । जसअनुसार १०० देखि २०० किलोवाटसम्मका विद्युतीय सवारीलाई ३० प्रतिशत, २०० देखि ३०० किलोवाटसम्मलाई ४५ प्रतिशत अन्तःशुल्क लगाइएको छ । ३०० किलोवाटभन्दा बढी क्षमताका सवारीलाई भने ६० प्रतिशत अन्तःशुल्क लगाइएको छ ।

भन्सारतर्फ १०० देखि २०० किलोवाटसम्मका सवारीमा १५ प्रतिशतबाट बढाएर ३०, २०० देखि ३०० किलोवाटसम्मका साधनमा ३० बाट बढाएर ४५ र ३०० किलोवाटभन्दा माथिका विद्युतीय सवारीमा ४० बाट बढाएर ६० प्रतिशत पुर्‍याइएको छ । यस्तो व्यवस्थाले एउटा व्यापारिक घरानालाई फाइदा पुर्‍याएको र मिलेमतोमा यो काम गरिएको अर्थमन्त्री शर्मामाथि आरोप लाग्यो ।

### एलसीको सूचना चुहावट

अर्थमन्त्री शर्मामाथि विदेशी मुद्राको सञ्चिति जोगाउन प्रतीतपत्र (एलसी) खोल्न कडाइ गर्ने निर्णय चुहाएको आरोप पनि लागेको छ । विदेशी मुद्रा सञ्चिति घट्न नदिन र आयात हुने वस्तुमा कडाइ गर्न नेपाल राष्ट्र बैंकले नै एलसी रोक्ने निर्णय गरेको थियो ।

विलासी वस्तु आयातको एलसी खोल्न रोक्ने निर्णय हुनुअघि एक कम्पनीले ठूलो संख्यामा विलासी गाडी आयातका लागि एलसी खोलेको थियो । एलसी रोकिनुभन्दा चार दिनअघि मात्र उक्त कम्पनीले एकैपटक ७० करोड रूपैयाँभन्दा बढीका गाडी आयातको अनुमति पाएको खुलेको थियो ।

यसैगरी, विदेशी विनिमय सञ्चिति घट्दै गएकाले निजी गाडी र अन्य विलासिताका वस्तुहरूको आयातमा रोक लगाएको सरकारले नेपालमा आवश्यक नहुने सुपारी, छोकडा र मरिचजस्ता वस्तुको आयात खोलेको थियो । जसमा पनि अर्थमन्त्री शर्मा विवादित बन्न पुगे ।

## संक्षिप्त

### मानव बेचविखन संलग्न तीन जना पक्राउ

**काठमाडौं (प्रस)**– मानव बेचविखन तथा ओसारपसारमा संलग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ललितपुर गोदावरी नगरपालिका-१० चापागाउा बस्ने ४८ वर्षीय दौलत रोका, काठमाडौं महानगरपालिका-३२ पेप्सीकोला स्थायी वतन भएकी २७ वर्षीया रेवती सुनार र काठमाडौं टोखा नगरपालिका-२ चण्डेश्वरी बस्ने रोल्पा त्रिवेणी गाउापालिका-७ का ५२ वर्षीय भरतमणि घर्तिमगर रहेका छन् ।

दौलतलाई गत जेठ २४ गते ललितपुर जावलाखेलबाट, रेवतीलाई गत जेठ २० गते काठमाडौं बबरमहलबाट र भरतमणिलाई गत जेठ १३ गते काठमाडौं टोखाबाट प्रहरीले पक्राउ गरेको हो ।

उनीहरूमध्ये दौलतले विभिन्न प्रलोभन तथा डरत्रास देखाई पीडितलाई ललितपुर ढोलाहिटीमा जबरजस्ती करणी गरी कुवेतमा मासिक ४०/५० हजार रूपैयाासम्म कमाई हुने प्रलोभन देखाई भारतको नयाा दिल्ली हुादै २०७८ चैत १६ गते कुवेतमा घरायसी कामका लागि बिक्री गरेको र घर मालिकले समेत बन्धक बनाई जबरजस्ती करणी गरेकोमा पीडितलाई मानव बेचविखन अनुसन्धान ब्यूरो बबरमहलको पहलमा कुवेतबाट उद्धार गरिएको थियो ।

साथै रेवतीले भारतमा डान्सको काममा लगाईदिने प्रलोभन देखाई पीडितलाई वीरगञ्जबाट भारतको रक्सौल सौनाबजार पुर्‍याई डर त्रास देखाई डान्स गर्न लगाएको अवस्थामा भारतीय प्रहरीले उद्धार गरी भारतको बालिका गृह मोतिहारीमा राखेकोमा माईती नेपालको सहयोगमा नेपाल फिर्ता ल्याइएको थियो ।

यसैगरी भरतमणिले दुबईमा कम्पनीको प्याकिङ सम्बन्धी काममा लगाईदिने भनि मासिक ४०/५० हजारसम्म कमाई हुने प्रलोभनमा २०७९ वैशाख १६ गते काठमाडौं एयरपोर्टबाट दुबई भनी कुवेतको घर मालिकलाई ५ हजार कुवेत दिनारमा बिक्री गरेको खुल्न आएको छ ।

जिल्ला अदालत काठमाडौंको २०७९ असार २१ गतेको आदेशले दौलतलाई, २०७९ असार १५ गतेको आदेशले रेवतीलाई र २०७९ असार ८ गतेको आदेशले भरतमणिलाई मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय पठाइएको छ ।

### न्युजिल्याण्ड पठाइदिन्छु ठगी गरेको आरोपमा पक्राउ

**काठमाडौं (प्रस)**– न्युजिल्याण्ड पठाईदिन्छु भनी रकम ठगी गरेको अभियोगमा बूढानीलकण्ठ नगरपालिका-३ घुम्ती बस्ने नुवाकोट बिदुर नगरपालिका-७ घर भएकी दिया भन्ने २७ वर्षीया शोभा पौडेललाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

## आलुको बोरामा ८३ लाख ६४ हजार फेला, दुई जना पक्राउ

**धनुषा (प्रस)**– धनुषा जिल्लाको जनकनन्दनी गाउँपालिका-१ ईनरुवा स्थित सीमा ईलाकाबाट मंगलबार प्रहरीले ८३ लाख ६४ हजार ५ सयसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३६ वर्षिय ईश्वर मण्डल र १९ वर्षिय राजेश मण्डल छन् ।

ज ७ प ५००७ नम्बरको मोटरसाईकलमा भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई प्रहरीले शंका लागि जाँच गर्दा उनीहरूले बोकेको आलुको बोराभित्र जाँच गर्दा उक्त रूपैयाँ फेला पारिएको हो ।

त्यसवेला उक्त मोटरसाईकल समेत बरामद गरिएको छ ।

काठमाडौं, चन्द्रागिरी नगरपालिका-१५ तिनथानाबाट ३ किलो ५ सय ग्राम अवैध लागूऔषध गाजाँको धुलो जस्तो देखिने पदार्थ सहित सोही ठाउँ डेरा गरी बस्ने सप्तरी घर भएको ३२ वर्षीय जिवन चौधरीलाई सोमबार प्रहरी पक्राउ गरेको छ । झोलामा लुकाई ल्याउँदै गरेको उक्त पदार्थ सहित प्रहरी प्रभाग बलम्बुबाट खटिएको प्रहरीले फेला पारी उनलाई पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं, दक्षिणकाली नगरपालीका-५ फर्पिङ बसपार्कबाट प्रतिबन्धित लागूऔषध १ सय ९२ एम्पुल डाइजेपाम, १ सय ९९ एम्पुल नूफिन र १ सय ९९ एम्पुल फेनारगन सहित बारा कलैया नगरपालिका-९ रामपुर बस्ने २४ वर्षीय ईन्ताज अन्सारीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

कलैयाबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१ ज ५९५८ नम्बरको टाटा सुमोलाई प्रहरीले जाँच गर्ने क्रममा सुमोमा सवार उनको झोलाबाट उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।


# सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ७३ असार २२ गते २०७९ मा प्रकाशित Tricon International Overseas (P.) Ltd.को कम्पनी: Samjin Industrial Co.ltd को विज्ञापनमा Lot No. **266564** उल्लेख नभई कम्पनीको नाम Trikon Management Services Pvt. Ltd. हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.
श्रम ईजाजत नं. ५५०/०६२/०६३ रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४



# कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARNIES RESTAURANT CO. W.L.L. शहर: Farwaniya Goverorate

पूर्व स्वीकृति मितिः २०७८/०८/०९ पुन विज्ञापन स्वीकृति मितिः २०७९/०३/२२ LT. No. 251744 चलानी नं. ६०१६८६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 9 | 0 | 130 | ५३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 4 | 0 | 130 | ५३,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार 30 गते (14th July, 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ujyalo Overseas Pvt. Ltd.
श्रम इजाजत नं. १३३९/०७४/०७५
Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com



# युएईमा वैदेशिक रोजगारको अवसर

सच्याईएको

कम्पनी : SAMJIN INDUSTRIAL CO.LTD

पुर्व स्वीकृति मिति २०७९/०३/२१ LT. No. 266564 चलानी नं. ६०१८२६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 15 | 0 | 800 | २७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Rigger | 25 | 0 | 1145 | ३९,४५० | | | | | | | |
| 3 | Scaffolder Labourer | 25 | 0 | 1145 | ३९,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : असार २९ गते (13th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.
श्रम ईजाजत नं. ५५०/०६२/०६३ रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४



# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KTC INTERNATIONAL CONTRACTING LLC

पुर्व स्वीकृति मिति २०७८/०८/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०३/२१ LT. No. 252539 चलानी नं. ६०१६९१६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Road Works Labor | 11 | 0 | 900 | ३१,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार ३० र ३१ गते (14 & 15th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSES P. LTD.
Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKY PERFECTION CAR MAINTENANCE CENTER

पूर्व स्वीकृति मितिः २०७९/०२/१८ पुन विज्ञापन स्वीकृति मितिः २०७९/०३/२२ LT. No.264085 चलानी नं. ६०१८०२२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Electrician | 1 | 0 | 2500 | ८४,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार ३0 गते (14th July. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AL TAAZ INTERNATIONAL PVT.LTD.
श्रम इजाजत नं. १२५१/०७४/०७५
Shreetole - Basundhara Kathmandu
Tel: +977 -1- 5905101 / 5905102, E-mail: altaaznepal@gmail.com
Mob No. 9801147203/ 9801040620/ 9842482418
Website www.altaazintl.com.np

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# अब बल समितिको कोर्टमा

एकपछि अर्को विवादमा तानिँदै गएका अर्थमन्त्री जनार्दन शर्माले अन्ततः बुधबार राजीनामा दिए । बजेट निर्माण प्रक्रियामा अनधिकृत व्यक्तिलाई प्रवेश गराएर करका दरमा हेरफेर गरेको आरोप लागेपछि उनी थप विवादमा तानिएका थिए । सोही घटनामा सूचनाको हक प्रयोग गरी मागिएको सिसिटिभी फुटेजसमेत दिन अस्वीकार गरेपछि अर्थमन्त्री शर्मामाथि राजीनामा र बर्खास्तीको चर्को दबाब थियो ।

बुधबार प्रतिनिधिसभाले ११ सदस्यीय छानबिन विशेष समिति गठन गरेपछि शर्मा राजीनामा दिन बाध्य भए । सभामुख अग्निप्रसाद सापकोटाले बुधबारको प्रतिनिधिसभा बैठकमा समितिको औपचारिक घोषणा गरे । संसदीय छानबिन समितिमा संसद्को सबभन्दा ठूलो दल नेकपा एमालेका चार जना, नेपाली कांग्रेस र नेकपा माओवादीका दुई–दुई जना सांसद रहेका छन् ।

यस्तै, एकीकृत समाजवादी, जनता समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीका एक–एक जना सांसद समितिमा छन् । समितिमा सांसदहरू खगराज अधिकारी, प्रदीप ज्ञवाली, भानुभक्त ढकाल, विमला बिक, पुष्पा भुसाल गौतम, सरला कुमारी यादव, देवप्रसाद गुरुङ, शक्तिबहादुर बस्नेत, सिताराम महतो, लक्ष्मणलाल कर्ण र सुरेन्द्र प्रसाद यादव रहेका छन् । समितिलाई १० दिनभित्र प्रतिनिधि सभामा प्रतिवेदन पेस गर्ने समयसीमा दिइएको छ ।

प्रमुख प्रतिपक्ष दल नेकपा एमाले मात्र होइन, सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेसका केही सांसद र नेताहरूले समेत अर्थमन्त्रीले राजीनामा दिनुपर्ने, उनी आरोपित घटनाको छानबिनका लागि संसदीय समिति गठन गर्नुपर्ने आवाज उठाएका थिए । उनीहरूले प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवामाथि यस विषयमा दबाब बढाएका थिए ।

अर्थमन्त्रीले राजीनामा दिइसकेपछि र दलहरूकै माग अनुसार समिति बनेपछि अब बल समितिको कोर्टमा पुगेको छ । अर्थमन्त्रीका रूपमा जनार्दन शर्माले गलत गरेका हुन् कि होइनन्, गलत गरेका हुन् भने के–के गलत गरे ? उनलाई कस्तो सजाय हुने लगायतका विषयमा अब समितिले निष्पक्ष तवरबाट अध्ययन, छानबिन गर्नुपर्छ । जसलाई जनविश्वासयोग्य बनाउनुपर्छ ।

यतिमात्र होइन, अर्थमन्त्रीबाट राजीनामा दिएका शर्मा स्वयंले पनि छानबिनका लागि समितिलाई प्रशस्त सहयोग गर्नुपर्छ । यदि उनले कुनै गलत काम गरेका छैनन्, जनहितविपरीत, राष्ट्रहितविपरीत काम गरेका छैनन् भने खुलारूपमा समितिलाई सघाउनुपर्छ । ताकि उनीमाथि लागेका आरोपबारे प्रशस्त छानबिन र अनुसन्धान गर्न सकियोस् । यसले शर्माको कद घटाउने होइन, अरू बढाउने काम गर्नेछ ।

कुनैबेला ऊर्जा मन्त्रालयको नेतृत्व गरेर देशलाई लोडसेडिङमुक्त बनाउन भूमिका खेलेका शर्माले आफ्नो शाख जोइराख्न पनि छानबिनमा सहयोग गर्नैपर्छ । अनेक तिकडम गर्ने, शक्तिकेन्द्र धाउने र संसदीय छानबिन समितिलाई असहयोग गर्ने काम गरे भने भने एउटा राजनीतिक भविष्य बोकेको योद्धा अवसानको बाटोमा लाग्ने पक्का छ ।

तसर्थ, यसमा शर्मा स्वयं र उनका निकटले विवेक पुऱ्याउनुपर्छ । उनलाई सल्लाह दिनेहरूले असल सल्लाह दिनुपर्छ । थाहा छैन यसअघि उनीहरूले कस्ता सल्लाह दिए, वा उनीहरूले दिएका सल्लाह शर्माले माने/मानेनन्? त्यो उनीहरू नै जानुन् । तर, एउटा बहालवाला मन्त्री 'गम्भीर मुद्दा'तमा मुछिएपछि यसको स्वतन्त्र छानबिनका लागि सहयोग गर्नु नै न्यायोचित हुन्छ । यो जनार्दनका लागिमात्र होइन उनी आबद्ध सिंगो माओवादी पार्टीका लागि पनि फलदायी हुने कुरामा दुईमत छैन ।

## मनन्योग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ ।

क्रमशः

# प्लास्टिकबाट इन्धन निकाल्ने बहुउपयोगी प्रविधि

▶▶ रमेश लम्साल

हरेक दिन एक जना व्यक्तिले ३१७ ग्राम फोहोर उत्पादन गर्छ । एसियाली विकास बैंकको सहयोगमा फोहोर मैला व्यवस्थापन तथा प्रशोधन केन्द्रले तयार पारेको विवरण हो यो । यो विवरण सन् २०१३ को हो । पछिल्ला दिनमा आइपुग्दा यसमा केही परिवर्तन भएको छ । एक जनाले दैनिक आधा किलो अर्थात् ५०० ग्राम बराबरको फोहोर उत्पादन गर्छ । त्यो फोहोरमा प्लास्टिकको मात्रा १२ प्रतिशत बराबर रहन्छ ।

काठमाडौं उपत्यकाभित्र मात्रै दैनिक एक हजार १४० मेट्रिक टन बराबरको फोहोर उत्पादन हुन्छ । त्यो फोहोर कहाँ कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा सधैंको रडाको हुने गरेको छ । फोहोर विसर्जन गर्ने स्थानमा काठमाडौं महानगरपालिकाले जबर्जस्ती गरेको गुनासो छँदै छ । फोहोर व्यवस्थापन नहुँदा काठमाडौंको सडक दुर्गन्ध हुने गरेको छ भने फोहोर व्यवस्थापनकै लागि करोडौं रूपैयाँ खर्च पनि भइरहेको छ ।

सरकारले महानगरपालिकाको फोहोरलाई दीर्घकालीन रूपमा समाधान गर्ने नीति ल्याउने र कार्यान्वयन गर्ने हो भने फोहोरलाई सजिलै मोहोर बनाउन सकिन्छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का वरिष्ठ वैज्ञानिक डा.रवीन्द्र ढकालका अनुसार त्यत्तिकै खेर फालिएको प्लास्टिकजन्य फोहोरबाटै दैनिक तीन लाख ४२ हजार लिटर बराबरको इन्धन उत्पादन गर्न सकिन्छ ।

नेपाल आयल निगमले इन्धन आयात गर्न नसकिने अवस्थामा पुगेको जनाइरहेको छ । पेट्रोलको प्रतिलिटर मूल्य १८१ रूपैयाँ पुगेको छ । त्यस्तै डिजेल प्रतिलिटर १७२ रूपैयाँ बराबर पुगेको छ ।

वरिष्ठ वैज्ञानिक डा. ढकालसँगको जिज्ञासामा उनले भने, 'सम्भव छ । सकिन्छ ।' काठमाडौं उपत्यकामा उत्पादन हुने फोहोरमध्ये ५७० टन फोहोर प्रशोधन हुन सक्छ । बाँकी रहेको ५७० टन प्लास्टिकजन्य फोहोर प्रशोधन गर्ने हो भने दैनिक ३४२ किलोलिटर इन्धन उत्पादन हुन सक्छ । त्यो भनेको तीन लाख ४२ हजार लिटर बराबर हो ।

उनका अनुसार प्लास्टिकको प्रशोधनबाट उत्पादन हुने इन्धनमा पेट्रोल, डिजेल र मट्टीतेल तीनवटै हुन्छ । यसबाट वातावरण पनि सफा हुन्छ । घरमै इन्धन उत्पादन हुन्छ र विदेशी मुद्राको सञ्चिति पनि हुन जान्छ । नास्टले प्लास्टिकबाट इन्धन निकाल्ने प्रणालीको जडान सन् २०१६ मा नै गरेको हो । त्यतिबेला प्लास्टिकबाट इन्धन निकाल्नेसम्बन्धी द्विपक्षीय समझदारीमा नास्टका तत्कालीन प्रविधि संकायका प्रमुख डा. सुरेशकुमार ढुंगेल र इको पाटी जापानका अध्यक्ष चिसेको मात्सुमोतोले हस्ताक्षर गरेका थिए ।

प्लास्टिकको प्रशोधनबाट उत्पादन हुने इन्धनमा पेट्रोल, डिजेल र मट्टीतेल तीनवटै हुन्छ । यसबाट वातावरण पनि सफा हुन्छ । घरमै इन्धन उत्पादन हुन्छ र विदेशी मुद्राको सञ्चिति पनि हुन जान्छ । नास्टले प्लास्टिकबाट इन्धन निकाल्ने प्रणालीको जडान सन् २०१६ मा नै गरेको हो । नेपालमा यो प्रविधि नयाँ भए पनि संसारका विकसित मुलुकका लागि भने पुरानै हो ।

नेपालमा यो प्रविधि नयाँ भए पनि संसारका विकसित मुलुकका लागि भने पुरानै हो । इको पाटी जापानले उपलब्ध गराएको प्रविधि र उपकरणबाट नास्टमा इन्धन निकाल्ने प्रविधिमा काम भइसकेको छ । सुरुमा जडान गरिएको प्रविधिबाट एक किलो प्लास्टिकबाट करिब एक लिटर कच्चा इन्धन निकालिएको थियो । हाल नास्टमा १० किलो प्लास्टिक प्रशोधन गर्ने मेसिनसमेत छ ।

डा. ढकालका अनुसार सरकारले लगानी गर्ने हो भने ठूलो मात्रामा बाहिरिएको विदेशी मुद्राको सञ्चिति कायम राख्न सकन्छि । 'हामी स्रोत र साधन भएर पनि गरिब भएका छौं र क्रमशः परनिर्भर बन्दै गएका छौं । खोलामा बगाएर वा डढाउने गरिएको प्लास्टिकबाट इन्धन उत्पादन गर्न सकिन्छ । सरकारलाई मेरो आग्रह छ । यसमा काम गर्न ढिला भइसक्यो,' उनले भने ।

प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि नेपाल भित्रिएको लामो समय भए पनि त्यसमा काम भने अगाडि बढ्न सकेको छैन । सीमानाकामा अवरोध भएको बेला यस विषयले प्राथमिकता पाउने गर्दछ भने इन्धन आयात सहज भएपछि यो विषय हराएर जाने गरेको छ । यतिबेला रुस र युक्रेनबीच चलेको युद्धको बाछिटा नेपालमा पनि परेको छ । विदेशी मुद्राको सञ्चिति घट्ने प्रमुख कारणमा इन्धन आयात पनि एक हो । नेपाल आयल निगमको विवरणअनुसार चालु आवको ११ महिनामा नै झण्डै दुई खर्ब ५० अर्ब रूपैयाँभन्दा बढीको इन्धन आयात भएको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य उकालो लाग्दा देशभित्र महँगीको ग्राफसमेत उकालो लाग्छ ।

इन्धनको मूल्य बढ्दा त्यसले हरेक क्षेत्रमा प्रभाव पार्छ । सरकारले सात प्रतिशतको हाराहारीमा सीमित गर्ने भनेको मुद्रास्फीति (मूल्यवृद्धि) दोहोरो अंकमा पुग्ने सम्भावना बढेर गएको छ । त्यसलाई रोक्न पनि सरकारले केही आन्तरिक तयारी गर्नु जरुरी भइसकेको छ । इन्धनमा देखिएको संकटको केही हदसम्म भए पनि खेर जाने प्लास्टिकबाट गर्नेतर्फ ध्यान जानु आवश्यक छ ।

सामान्यतः एक किलोग्राम प्लास्टिकबाट ७०० मिलिलिटर पेट्रोल उत्पादन गर्न सकिन्छ । नास्टका वैज्ञानिकसमेत रहेका डा. ढकालका अनुसार सामान्य पानीको बोत्तल एक किलोग्राम प्रशोधन गर्दा ७०० मिलिलिटर कच्चा इन्धन उत्पादन हुन्छ भने सोही बोतलको बिर्को प्रयोग गर्दा ८०० मिलिटरसम्म कच्चा इन्धन उत्पादन हुन सक्छ । प्लास्टिकको मात्रा र गुणस्तरका आधारमा इन्धन के कति परिमाणमा उत्पादन हुन्छ भन्ने कुराको निर्धारण हुन जान्छ । प्लास्टिकले वातावरण प्रदूषणमा पनि उल्लेख भूमिका निर्वाह गरिरहेको छ । नास्टले त्यसबाट इन्धन निकाल्ने प्रविधि पनि ल्याएपछि प्लास्टिक सार्वजनिक स्थानमा नफाल्न र पुनः प्रयोगका लागि संकलन गर्न आग्रह पनि गरियो तर त्यसमा कुनै ठोस काम भएन ।

सरकारले चाहने हो भने ठूलो मात्रामा इन्धन निकाल्ने प्रविधि केही समयभित्रै जडान गर्न सकिने डा. ढकालको भनाइ छ । सम्भव छ, गर्न सकिन्छ र इन्धन उत्पादन हुन्छ भन्ने विश्वास आमरूपमा भइसकेको छ । प्लास्टिकजन्य फोहोर जलाउँदा निष्कासन हुने कार्बनडाइअक्साइड तथा फ्युरानजस्ता विषाक्त ग्यासले क्यान्सरजन्य रोग निम्त्याउने, माटोको उर्वराशक्ति घटाउने, जमिनमा पानी रिचार्ज हुन नदिने, सहरको सौन्दर्य घटाउने, जस्ता समस्या हामी आफैंले भोग्दै आएका छौं ।

हिमालबाट सुरु भई प्लास्टिक प्रदूषण समुद्रसम्म पुग्ने भएकाले त्यसलाई नियन्त्रण गरी वातावरण संरक्षण गर्न पनि प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि नेपालजस्ता देशका लागि झनै उपयुक्त हुन जान्छ । जापानले यसमा ठूलो प्रगति गरेको छ । दक्षिण अफ्रिका, अमेरिका, क्यानडाजस्ता मुलुकमा प्लास्टिकबाट व्यावसायिकरूपमा इन्धन उत्पादन गरिएको छ ।

काठमाडौं उपत्यकाभित्र दुईवटा महानगर छन् । फोहोर उत्पादन हुने प्रमुख थलोका रूपमा ती महानगर नै परिचित छन् । यस्तै अन्य स्थानीय तहकोसमेत फोहोरलाई प्रशोधन गरेर इन्धन निकाल्ने उपायको खोजी गर्न धेरै ढिला भइसकेको जानकारी दिँदै डा. ढकालले भने, 'सरकारको साथ र सहयोग रहने हो भने यसमा निजी क्षेत्रको पनि उत्तिकै चासो रहन सक्छ । एसियाली विकास बैंकले त यसमा लगानी गर्न इच्छुक रहेको बताइसकेको छ ।'

फोहोर व्यवस्थापनको विषय सहरी तथा सहरोन्मुख क्षेत्रको प्रमुख समस्याका रूपमा खडा भएको सन्दर्भमा सरकारले एउटा नमूना परियोजना नै सुरु गर्नुपर्ने डा. ढकालको सुझाव छ । विराटनगर, वीरगञ्ज, नारायणगढ, पोखरा, दाङ, नेपालगञ्ज, धनगढी, महेन्द्रनगरजस्ता ठूला सहरबाट संकलन हुने प्लास्टिकजन्य फोहोरबाटै पनि दैनिक तीन लाख लिटरभन्दा बढी इन्धन उत्पादन गर्न सकिने उनको भनाइ छ । नेपाललाई आवश्यक पर्ने बराबरको इन्धन फोहोरबाटै उत्पादन गर्न सकिन्छ ।


काठमाडौं उपत्यकाभित्र महानगर आफैंले पहल गरेको छैन, नास्टले मात्रै यसमा अनुसन्धान गरिरहेको छ । तर, उद्योग, वाणिज्य तथा आपूर्ति र ऊर्जा मन्त्रालयले यसमा विशेष चासो दिएर काम गर्नुपर्ने आवश्यकता छ । नसड्ने त्यसमा पनि प्लास्टिकजन्य फोहोरलाई इन्धन बनाउनेतर्फ कार्य थालनी गरे त्यसले फोहोर व्यवस्थापन पनि हुन्छ । विकल्प पनि तयार हुने देखिन्छ । खासगरी सहरी क्षेत्रमा प्लास्टिकजन्य फोहोर ठूलो समस्याका रूपमा रहेको छ ।

प्लास्टिकजन्य फोहोरबाट डिजेल, पेट्रोल, मट्टीतेल उत्पादन गर्न सकिन्छ । प्लास्टिकबाट डिजेल मात्रै निस्कन्छ भन्ने होइन भन्ने जानकारी दिँदै डा. ढकाल विभिन्न रसायनिक प्रतिक्रिया गराएर फर्नाइस तेल पनि उत्पादन गर्न सकिने बताउँछन् । व्यावसायिक उत्पादनका लागि सरकार र निजी क्षेत्रलाई मार्गप्रशस्त गर्न नास्टले प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि भित्र्याएको उनको भनाइ छ ।

**बाँझो जमिनमा रोपौं सजीवन**

नेपालको इन्धनमा देखिएको समस्या समाधानका लागि खाली रहेको जमिनमा सजीवन (ज्याट्रोफा) रोप्न उनको सुझाव छ । सजीवनको दानाबाट बायो-इन्धन उत्पादन गर्न सकिन्छ । राजमार्गको दायाँबायाँ क्षेत्रमा मात्रै सजीवन लगाउन सकियो भने मात्रै पनि देशको मागअनुसारको बायो-इन्धन उत्पादन सकिने ढकालको भनाइ छ ।

वरिष्ठ कृषि अधिकृत कुलप्रसाद सुवेदीका अनुसार नेपालको पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मको तराई क्षेत्रमा यसको खेती सफलतापूर्वक गर्न सकिन्छ । त्यसैगरी महाभारत पर्वतको तल्लो कठार एवं भावर क्षेत्रमा पनि यसको खेती विस्तार गर्न सकिन्छ । पत्थरिलो एवं ग्रेग्र्यानयुक्त हल्का माटो सजीवन खेतीका लागि उपयुक्त मानिन्छ । बाटो छेउछाउ बारका रूपमा, सामुदायिक वनसँगैको पाखापखेरा, गल्छी नदी किनारमा यसको खेती गर्न सकिन्छ ।




जानकारहरूका अनुसार यसको फलबाट ३८.५ प्रतिशत बराबरको अखाद्यजन्य तेल निस्कन्छ । यसको तेल मेसिनरी कलकारखाना तथा मोटर, ट्र्याक्टर आदिमा डिजेलसँग ४० प्रतिशतसम्म मिसाएर प्रयोग गर्न सकिन्छ । प्रतिरोपनी ४० लिटर तेल उपलब्ध हँदा एक लाख रोपनी क्षेत्रफलमा सजीवन रोप्दा ४० लाख लिटर इन्धन उत्पादन हुन सक्छ ।

**सजिलै बन्छ इथानोल**

देशभित्र रहेका चिनी कारखानाबाट सजिलै इथानोल बनाउन सकिने डा. ढकालको भनाइ छ । देशभर निजी क्षेत्रका विभिन्न चिनी कारखानामामा बगास तथा चिनी उत्पादन भएर बाँकी रहेको सामग्रीको प्रयोग गरेर इथानोल बनाउन सकिन्छ । डा. ढकालका अनुसार बायो-डिजल र इथानोल बनाई तत्कालै पाँचदेखि १० प्रतिशत मिसाउन सकिएको खण्डमा मात्रै दुई लाख किलोलिटर बराबरको इन्धन उत्पादन गर्न सकिन्छ । त्यसबाट वार्षिक २० अर्ब रूपैयाँ बराबरको रकम देशभित्रै बचत गर्न सकिन्छ ।

सरकारले २०६० सालमा पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउनुपर्ने निर्णय गरेको थियो । यसैअनुसार २०७१ सालमा निगमले आवश्यक तयारी पनि गरेको थियो तर त्यसको कार्यान्वयन नहुँदा ठूलो धनराशि विदेसिँदै आएको छ । *रासस*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



धानका बेर्ना बोक्दै दम्पती | शुक्लाफाँटा नगरपालिका–२ रानीपुरका किसान दम्पती खेतमा उखेलिएको धानका बेर्ना रोप्नका लागि बोक्दै ।

*तस्बिर : रासस*

# चटचाङले ५४२ घरधुरी अन्धकारमा

■ प्रभाव संवाददाता

**गलेश्वर–** यस वर्ष चटचाङले अरु वर्षभन्दा बढी क्षति पुर्‍याएको तथ्यांक संकलन गरिएको छ । अरु वर्षको दाँजोमा यो वर्ष बढी चटचाङ पर्दा जनधनको बढी क्षति भएको हो ।

सोमबार राति परेको चटचाङले च्युरीबोटस्थित दाजुङखोला लघुजल विद्युत गृहमा क्षति पुर्‍याए पछि गाउँ अन्धकार भएको छ । पश्चिम म्याग्दीका मालिका गाउँपालिका–४ च्युरीबोट स्थित ३० किलोवाट क्षमताको विद्युतगृहमा चटचाङले ठूलो क्षति पुर्‍याए पछि करेन्ट सप्लाई हुन नसक्दा गाउँ अन्धकारमय भएको हो । चटचाङले च्युरीबोटस्थित दाजुङखोला लघुजलविद्युत्गृहमा क्षति पुर्‍याएको लघुजलविद्युत् सहकारी संस्था लिमिटेडका अध्यक्ष नन्दबहादुर घर्तीमगरले जानकारी दिए ।



तीस किलोवाट क्षमताको सो लघुजलविद्युत् परियोजना बन्द हुँदा च्युरीबोट, ओखरबोट, महभिर छाप, खतेनलगायत गाउँका ३७६ घरधुरी अन्धकारमा बस्न बाध्य भएका छन् ।

चटचाङले चार लाख ५५ हजार बराबरको क्षति भएको छ । जेनेरेटरमा क्षति भएपछि विद्युत् सेवा अवरुद्ध भएको छ ।

त्यस्तै बागलुङको बरेङ गाउँपालिका–१ धुल्लुबास्कोटमा रहेको विद्युत् ट्रान्सफर्मर पड्किँदा चार दिनदेखि विद्युत् सेवा अवरुद्ध भएको छ । चटचाङले ट्रान्सफर्मर पड्किएपछि धुल्लुबास्कोटका १६६ परिवार चार दिनदेखि अन्धकारमा छन् ।

विद्युत् आपूर्ति बन्द हुँदा स्थानीयले कुटानीपिसानी, साना घरेलु उद्योग सञ्चालन र सञ्चार सेवा प्रयोग गर्न पाएका छैनन् । धुल्लुबास्कोटमा सामुदायिक विद्युतीकरणमार्फत केन्द्रीय प्रसारण लाइन विस्तार गरिएको थियो ।

## संक्षिप्त

### कर्तव्य ज्यान तथा जबरजस्ती करणी गर्ने पक्राउ

**पर्वत (प्रस)–** कर्तव्य ज्यान तथा जवरजस्ती करणी मुद्दाका फरार प्रतिवादीहरू बाँके नेपालगञ्ज उपमहानगरपालिका–६ कसाईटोल बस्ने ३३ वर्षीय अच्छन अलि अन्सारी र बाँके साविक सोनपुर गाबिस–९ ठेगाना भएका ३४ वर्षीय जोहरू भाटलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

अच्छन अलिले आफ्नै पत्नीलाई २०७५ असार ३१ गते दाईजो कम ल्याएको कुरामा टाउकोमा लाठी र भाला प्रहार गरी गम्भीर घाइते भएपछि २०७५ साउन २१ गते भारतको लखनउमा उपचारको क्रममा मृत्यु भएको थियो । यसैगरी जोहरू भाट समेत २ जनाले २०७० भदौ ७ गते बाँके साविक सोनपुर गाविस–२ स्थित गिजरा सामुदायिक वनमा दाउरा खोज्न गएकी महिलालाई सामूहिक जवरजस्ती करणी गरेका थिए ।

कर्तव्य ज्यान मुद्दामा अच्छन अलिलाई जिल्ला अदालत बाँकेबाट २० वर्ष कैद सजाय ठहर भएको थियो भने जोहरू भाटलाई जबरजस्ती करणी मुद्दामा जिल्ला अदालत बाँकेबाट ७ वर्ष कैद र ५० हजार क्षतिपूर्तिको सजाय ठहर भएको थियो । सजाय ठहर भई फरार रहेका उनीहरूलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले बाँके जमुनाहास्थित नेपाल–भारत सिमावर्ति क्षेत्रबाट फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत बाँकेमा पेस गरिएको छ ।

### लागुऔषधसहित पाँच जना पक्राउ

**कैलाली (प्रस)–** धनगढी उपमहानगरपालिका–९ गौरिकटानबाट १ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने २३ वर्षीय प्रेम ताम्राकारलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा प्रेमलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यसैगरी कैलाली, धनगढी उपमहानगरपालिका–२ त्रिनगर ब्यारेल नजिकबाट ८ ग्राम अवैध लागूऔषध ब्राउन सुगर सहित गोदावरी नगरपालिका–१२ बस्ने २९ वर्षीय धर्म बडौलालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । से.७ प ६२३७ नम्बरको स्कुटरलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा स्कुटरमा सवार बडौलालाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

झापा, मेचीनगर नगरपालिका–६ मेचीपुलबाट करिब ९ ग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित मोरङ पथरी शनिश्चरे नगरपालिका बस्ने २२ वर्षीय मिलन दर्जीलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेका दर्जीलाई ईलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

पर्सा, वीरगञ्ज महानगरपालिका–२८ बगहीबाट करिब ९० किलोग्राम अवैध लागूऔषध गाँजा सहित २ जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत घर भएका ३० वर्षीय रबिकान्त भारती र २८ वर्षीय सुनिल भारती रहेका छन् । यूपी ७० बीके ९९५५ नम्बरको कारलाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्ने क्रममा कारको डिकीमा लुकाई ल्याएको उक्त गाँजा सहित उनीहरूलाई पक्राउ गरेको हो ।

### पौडी खेल्दा डुबेकाको शव फेला

**सिरहा (प्रस)–** सिरहा जिल्लाको सिरहा नगरपालिका–१९ किरियानी स्थित सहजा खोलामा डुवेर बेपत्ता भएकाको शव सशस्त्र प्रहरीले सोमबार फेला पारेको छ ।

सोही ठाउँ बस्ने ७ वर्षिय करण राय उक्त खोलामा पौडी खेल्ने क्रममा डुवेर बेपत्ता भएको जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण सिरहा र बिओपी लगडीगधियानीबाट खटिएको विपद् व्यवस्थापन तालिम प्राप्त सशस्त्र प्रहरीले खोजीकार्य गर्दा उनको शव घटनास्थल नजिकै पानीमा डुवेको अवस्थामा फेला पारेको हो ।

# धरानको फोहोर प्रशोधन केन्द्र परिसरमा वृक्षरोपण



■ प्रभाव संवाददाता

**धरान–** धरान सरोकार समाज काठमाडौंले धरान–६ पानवारीस्थित फोहोर प्रशोधन केन्द्र भेन्चर वेस्ट टु ईनजी प्रालि परिसरमा वृक्षरोपण गरेको छ । वातवरणिय अनुकुलताका लागि समाजले मंगलबार विभिन्न औषधीय गुण भएका विरुवा रोपेको हो ।

समाजका अध्यक्ष प्रभु श्रेष्ठका अनुसार जामुल, निम, बेल, सरिफा, अर्जुन, रिट्ठा, वटर व्रुस, तितरी, शिरिसलगायतका ५० थान विरुवा रोपिएको छ । उक्त विरुवा जिल्ला वन कार्यालय सुनसरीले उपलब्ध गराएको थियो

वृक्षरोपण कार्यक्रममा धरान सरोकार समाजका अध्यक्ष प्रभु श्रेष्ठ, सदस्यहरू सम्राट श्रेष्ठ, दीपक बनेपाली, युएन वमनकी परामर्शदाता तथा महिला अधिकारकर्मी सरु श्रेष्ठ जोशी,सुप्रिया माझी र लायन्स कल्ब धरान–पन्चकन्याका अध्यक्ष एकता श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

भेन्चर वेस्ट टु ईनजी प्रालिले धरान उपमहानगरबाट निस्किएको फोहोरलाई प्रशोधन गरेर ग्यास तथा मल उत्पादन गर्दै आएको छ ।

२० बर्ष पछि धरान उपमहानगरलाई हस्तान्तरण गर्ने गरि कम्पनिले फोहोरबाट ग्यास र मल उत्पादन गर्दै आएको छ । सो क्षेत्रको वातवरण स्वच्छ र सफा राख्न समाजले वृक्षरोपण गरेको हो ।

### लागुऔषधसहित पक्राउ

**पर्सा (प्रस)–** पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका–२५ स्थित सिर्सियाबाट सोमबार प्रहरीले २४ बोतल बेनाड्रेलसहित भारतमा घर बताउने २५ वर्षिय ओम चौधरीलाई पक्राउ गरेको छ ।

बीआर २२ एभी २१६० नम्बरको मोटरसाईकलमा भारतबाट नेपालतर्फ आउँदै गरेका निज चौधरीलाई नेपाल बिओपी ड्राईपोर्टबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनको साथमा उक्त लागूऔषध फेला पारेको हो । त्यसवेला उक्त मोटरसाईकल समेत बरामद गरिएको हो । पक्राउ परेका चौधरीलाई बरामद लागूऔषध तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीमा बुझाईएको छ ।


**लिक्विडेटर कार्यालयको हकदाबी सम्बन्धी सूचना ।।।**

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०३/२१ गते**

श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं.दर्ता.नं.१३४५१७/०७१/०७२/२०७१/१२/२६ मा दर्ता भएको '**मार्लिन ट्राभल्स एण्ड टुर्स प्रा. लिं.** को मिति २०७८/११/०४ गतेको संचालक समितिको निर्णयले कम्पनीलाई स्वेच्छामा खारेज गर्ने निर्णय गरेकाले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी प्रक्रियामा लगिएको हुदाँ उक्त कम्पनीसँग कोही कसैको लेनदेन बाँकी भए तल उल्लेखित ठेगानामा स-प्रमाण सहित आजका मितिले ३५ दिनभित्र दावी पेश गर्नु हुन अनुरोध छ । साथै म्यादभित्र दावी विरोध पर्न नआए नियमानुसार खारेजी हुने व्यहोरा समेत अनुरोध छ ।

अधिवक्ता/लिक्विडेटर : शेर बहादुर रोकाया इ.प.नं.: २८६
फोन नं.:९८४९२६८५४०
*Email: rokayasherbahadur723@gmail.com*



**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०७९/०३/२२ गते**

यस कम्पनीको मिति २०७८/१२/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **एशियन एकोमोडेशन एण्ड विजनेश प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **सेन्ट्रल ल इन्ष्टिच्युट प्रा.लि.**(नाम परिवर्तन) नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०१/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सेन्ट्रल ल इन्ष्टिच्युट प्रा.लि.** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
पूर्वाधार विकास कार्यालय
कञ्चनपुर

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः- २०७९/०३/२३)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९।०१।०८ गतेको 'नागरिक' राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको Single Stage Two Envelope ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आई बोलपत्रहरूको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकनमा सफल बोलपत्रदाताहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्यांकन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क.र पि.एस.सहित) |
|---|---|---|---|---|
| १. | Construction and Upgrading of Koti Home-Gha Gaun-Na Gaun-Bichfanta Road [Administrative Office Building (Chainage : 13+240) To Bichfanta (Chainage : 25+787.97)], Punarbas-01, Kanchanpur | IDOKAN/W/NCB/R-M/04/078-079 | Shankar-Joshi Joint Venture, Mahendranagar, Kanchanpur | १६,२५,२७,८२७.६८ |

**कार्यालय प्रमुख**

# प्रभाव दैनिक

रूपशाला


बिहीबार, २३ असार २०७९ (Thursday, July 7, 2022)


## वैवाहिक बन्धनमा सदीक्षा र राहुल

पूर्वमिस नेपाल सदीक्षा श्रेष्ठ विवाह बन्धनमा बाँधिएकी छन् । उनले प्रेमी राहुल मोक्तानसँग मंगलबार लगनगाँठो कसेकी हुन् । गैरीधाराको सिल्भर ओके पार्टी प्यालेसमा उनको विवाह समारोह आयोजना भएको थियो । विवाह अगाडि उनले सिल्भरमै रिसेप्सन पाटी दिएकी थिइन् । सदीक्षा र राहुलले नेवारी परम्परा अनुसार विवाह गरेका हुन् । विवाह समारोहमा दुवैका नजिकका आफन्त साथीभाइको अलवा  पूर्व मिस मलिना जोशी, सुगारिका केसीको सहभागिता रहेको थियो । राहुल र सदीक्षाले एक वर्षभन्दा लामो समयको प्रेम विवाहमा परिणत गरेका हुन् ।



# मोसन पोस्टरमा 'नालापानी'




■ प्रभाव संवाददाता

**काठमाडौं-** तिहारको अवसर पारेर आगामी ४ कात्तिकमा रिलिज हुने नेपाली ऐतिहासिक फिल्म 'नालापानी'को मोशन पोस्टर सार्वजनिक भएको छ । चलचित्र विकास बोर्डबाट 'विशेष चलचित्र २०२०' स्पेसल अवार्ड पाएको यो फिल्म सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अंग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईंलाई आधार बनाएर निर्माण भएको हो ।

फिल्मका निर्देशन रिमेश अधिकारीका अनुसार फिल्मको आगामी २४ सेप्टेम्बरमा अस्ट्रेलियामा प्रिमियर हुनेछ । फिल्म प्रा. डा. धनराज कुँवर र रामराजा कुँवरद्वारा लिखित 'नालापानीका नायक वीर बलभद्र कुँवर' पुस्तकमा आधारित रहेर इतिहासविदहरू प्रा. डा. धनराज कुँवर, प्रा.डा. त्रिरत्न मानन्धर, प्रा. दिनेशराज पन्त, डा. सुरेन्द्र के.सी., पूर्व सहायक रथि डा. प्रेम सिंह बस्न्यातहरूसँग छलफल र नेपाली सेनाले प्रकाशित गरेको पुस्तक 'सैनिक इतिहास'लगायतका पुस्तकमा आधारित रही फिल्म बनाइएको हो ।

फिल्मको अनुसन्धान तथा लेखन रिमेश अधिकारी र कृष्ण आचार्यले गरेका हुन् । फिल्ममा देशभक्त खनाल, अर्जुनजंग शाही, सन्तोष पन्त, मनोज शाक्य, विशाल पहारी, विजय विष्फोट, पूजना प्रधान, गीता अधिकारी, महावीर विश्वकर्मा, ईशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, सरिता राजोपाध्याय, लक्ष्मी नाथ, गायत्री घिमिरे, जनक बर्तौला, विशाल श्रेष्ठ, सहिना भट्टराई, गीत बिष्ट, युगजंग कार्की, सिमन खड्का, सुशील खडका (डेभिड), बाल कलाकार तेजस्वी गुरुङ, हार्दिक थपलिया, प्रनिस शाक्य, निर्माण थपलिया साथै विदेशी कलाकारहरू एन्ड्रोइन डंकन, रेचल मोलेस, पल विकिन्सन र सामलगायतको अभिनय छ ।

रिमेश अधिकारी फिल्म प्रोडक्सन प्रा.लि., वीर गोर्खाली फिल्मस प्रा.लि., गंगा नारायण फिल्म प्रोडक्सन र बिजी बी इन्टरटेन्मेन्ट प्रा.लि. को ब्यानरमा निर्माण भएको फिल्ममा भिएफएक्स अच्युत गजुरेल, छायांकन राम शरण उप्रेती, सम्पादन  विपीन मल्ल, द्वन्द्व निर्देशन रोशन श्रेष्ठ, नृत्य निर्देशक कविराज गहतराज, संगीत डिजे एलेक्स र सुजिल कर्माचार्यको रहेको छ ।

फिल्मका एशोसियट निर्माता सपन कुमार थापा, सहनिर्माता गणेश कार्की, कार्यकारी निर्माता घनेन्द्र थपलिया तथा निर्माता मनोज शाक्य र रिमेश अधिकारी हुन् ।

# पुस २९ देखि प्रदर्शनमा गुञ्जन

■ प्रभाव संवाददाता

**काठमाडौं** – काठमाडौंसहित देशभरकाका हलहरूमा आगामी २९ पुसमा चलचित्र 'गुञ्जन' रिलिज हुने भएको छ । निर्माण युनिटले काठमाडौंका लागि फिल्म वितरक जिजीए ग्रूप र काठमाडौंबाहिरका लागि एफडी कम्पनीसम्म सम्झौता गर्दै रिलिज मिति तय गरेको हो ।

प्रेमकथात्मक यस फिल्ममा सारा सिर्पाली, प्रितमराज सेन्चुरी, सरोज खनाल, हिउँवाला गौतम, कविर खड्का, रोहन शाही, निरुता स्याङ्तान, कन्चन चालिसे, सुस्मिता बराल, इभा श्रेष्ठ, अमोद भट्ट, आइपी आचार्य, ऋचा शर्मा, अमेश न्यौपानेलगायत कलाकारको अभिनय छ ।

दुई दशकदेखि द्वन्द्व निर्देशन गर्दै आएका अष्ट महर्जनको पहिलो निर्देशन फिल्म देख्न सकिन्छ । हिराकृष्ण शाहीको प्रस्तुति र सुनिता शाही निर्माता रहेको फिल्म एएच इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको हो ।



काठमाडौं, पोखरा, जोमसोममा र दुवईमा छायांकन भएको छ ।

फिल्ममा कविराज गहतराजको कोरियोग्राफी रहेको छ । राजेश श्रेष्ठको छायाँकन, विपिन मल्लको सम्पादन, कल्याण सिंह, अर्जुन पोखरेल र करणराज कार्कीको संगीत छ । फिल्ममा अभिनेत्री नीता ढुंगानाको आकर्षक आइटम डान्स समेत रहेको छ ।

# पाण्डेको 'एउटा शिक्षक' सार्वजनिक

**काठमाडौं (प्रस)**– शिक्षक रमेश पाण्डेको आत्मावृतान्त 'एउटा शिक्षक' सार्वजनिक भएको छ । ५२ वर्षे शिक्षण पेसाको अनुभवलाई समेटी लखिएको पाण्डेको पुस्तक सार्वजनिक गरिएको हो ।

शिक्षक पाण्डेका तत्कालीन विद्यार्थी एवं पूर्वमुख्य सचिव लिलामणि पौडेल र उनका दाइ मोहनबहादुर पाण्डेले संयुक्त उक्त पुस्तक विमोचन गरेका हुन् ।  कार्यक्रममा बोल्दै पूर्वमुख्य सचिव पौडेलले पेसागत इमान्दारिता, अनुशासन र कर्तव्यनिष्ठ शिक्षक रमेश पाण्डेको विद्यार्थी हुन पाएकोमा गर्व महशुस भएको बताए । 'उहाँका विद्यार्थीहरू त भाग्यमानी भइहाले सरको कक्षामा बस्न नपाउनेहरूका लागि पुस्तक अवसर र मार्गदर्शक बन्नेछ,' उनले भने ।



लेखक पाण्डेले आफ्नो जीवनमा असल शिक्षकको अभिभारा पूरा गर्ने प्रयास गरिरहेको बताए । २०३६ सालको राजनैतिक अस्थिरतामा शंकरदेव क्याम्पसको क्याम्पस प्रमुख भएको सम्झँदै पाण्डेले क्याम्पसको पठनपाठनलाई गुणस्तरीय बनाउन गरिएका योजनाहरू कार्यन्वयनमा विद्यार्थीहरूबाट साथ पाएको बताए। 'जीवनमा धेरैलाई कृतज्ञता दिनुपर्ने थियो, घरघर पुगेर दिन सकिएन अब यहि पुस्तकबाट मेरो त्यो आकांशा पूरा हुन्छ भन्ने विश्वास लिएको छु,' पाण्डेले भने ।

एउटा शिक्षकको लेखन संयोजन र प्रकाशन घोस्ट राइटिङ नेपालले गरेको हो । घोस्ट राइटिङका अध्यक्ष कमल ढकालले रमेश एउटा शिक्षकको उदाहरणीय व्यक्तित्व झल्काउन पाएकोमा गर्व महशुस भएको बताए । पाण्डेले नेपालका विभिन्न शैक्षिक संस्थाहरूमा बसेर गरेको योगदानलाई पुस्तकमा समेटेका छन् ।

## रंगशाला

# सन्दीपले क्यारेबियन प्रिमियर लिग खेल्ने




**काठमाडौं (प्रस)**– नेपाली कप्तान तथा लेगस्पिनर सन्दीप लामिछानेले जमैका तालाबाजबाट क्यारेबियन प्रिमियर लिग (सीपीएल) टी-ट्वान्टी लिग खेल्ने भएका छन् ।

जमैकाले २०२२ को सिजनका लागि सन्दीपलाई अनुबन्ध गरेको सीपीएलले जनाएको छ । सन्दीपले २०१८ देखि वेस्ट इन्डिज क्रिकेट बोर्डले आयोजना गर्दै आएको सीपीएल खेल्दै आएका छन् । गत संस्करण उनी ट्रिन्बागो नाईट राईडर्समा अनुबन्ध भएका थिए । तर,सोही समयमा नेपाली राष्ट्रिय टोलीको ओमान टुर परेकाले उनले सहभागीता जनाउन पाएनन् ।

सन्दीपले जमैकाबाट दोस्रो पटक खेल्न लागेका हुन् । २०२० को आठौं संस्करण सन्दीपले जमैकाबाट खेलेका थिए । जमैकाले पाँच विदेशी खेलाडीको कोटामा ५ जनालाई ड्राफ्ट अगाडी नै अनुबन्ध गरेको हो ।

जमैकामा सन्दीपसँगै पाकिस्तानका मोहम्मद अमिर र इमाद वासिम रहेका छन् । अष्ट्रेलियाका क्रिस ग्रीन तथा दक्षिण अफ्रिकाका मिगाली पिटोरियस् रहेका छन् । सीपीएल अगस्ट ३० बाट सुरु हुनेछ । दशौं संस्करणको प्रतियोगिता सेप्टेम्बर ३० सम्म चल्नेछ ।

प्रतियोगितामा ६ टोलीले प्रतिस्पर्धा गर्ने छन् ।अघिल्लो संस्करणको उपाधि सेन्ट किट्स एण्ड नेभिस प्याट्रियट्सले जितेको थियो ।

# सागमा पदक जित्ने खेलाडी पुरस्कृत

■ प्रभाव संवाददाता

**खोटाङ**– तेह्रौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)का पदक विजेता खेलाडीलाई खोटाङमा पुरस्कृत गरिएको छ । दिक्तेलमा मङ्गलबारदेखि सुरु भएको किराँत राई खेलकुद सङ्घको तेस्रो राष्ट्रिय महाधिवेशन उद्घाटनका क्रममा सागमा पदक जित्ने सात खेलाडीलाई नगदसहित सम्मान गरिएको हो ।

दिक्तेलस्थित बहुउद्देश्यीय कभर्डहलमा भएको कार्यक्रममा साग प्रतियोगिताका स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र  व्यवस्थापकलाई जनही रु १० हजारसहित सम्मान गरिएको आयोजक किराँत राई खेलकुद सङ्घका अध्यक्ष महेन्द्रकुमार राईले जानकारी दिनुभयो । सङ्घले १३औं सागमा तेक्वान्दोमा स्वर्ण जित्ने सुशीला राई (सुनसरी) तथा उसुमा कास्य प्राप्त गर्ने अशोक खालिङ राई (इलाम), स्क्वासमा कास्य पाउने भावना सुनुवार (रामेछाप), आर्चरीका टोली व्यवस्थापक मीनाकुमारी राई (उदयपुर), बक्सिङका टोली व्यवस्थापक प्रमिला राई (झापा) र १२औं सागमा कबडीमा कास्य पाउने सम्झना राई (बारा)लाई सम्मान गरेको हो ।



कबड्डीकी राईलाई सगरमाथा तेक्वान्दो डोजाङ बेलायतका संस्थापक प्रमुख राष्ट्र राई र किराँत राई यायोक्खा बेलायतका अध्यक्ष योगेश कोयुको तर्फबाट समेत रु १० हजारले सम्मान गरिएको छ । यस्तै मुआइथाई वर्ल्ड च्याम्पियन सञ्जयलाई पनि रु १० हजार नगद र सम्मानपत्र प्रदान गरिएको छ । विजेता खेलाडीलाई प्रदेश नं १ का सामाजिक विकासमन्त्री राजन राईले नगद र सम्मानपत्र प्रदान गरेका थिए ।

## एसियन प्यासिफिक र टिम किरण फाइनलमा

**काठमाडौं (प्रस)**–  एसियन प्यासिफक र टिम किरण ऋत एसइइ कप थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको गर्ल्समा बुधबार फाइनलमा प्रवेश गरेका छन् ।

बसुन्धारास्थित आयोजक ऋत एकेडेमीको कोर्टमा भएको सेमिफाइनलमा एसिया प्यासिफिकले बलर्स एकेडेमीलाई ६-४ ले पराजित गर्यो । अर्को सेमिफाइनलमा टिम किरणले हिमालयन गर्ल्सलाई ८-४ ले हरायो । ब्वाइजमा आयोजक ऋत, न्यु जेनिथ 'बी' र एन्जल्स हार्ट 'ए' सेमिफाइनलमा पुगे । ऋतले स्किब्सलाई ५-४, न्यु जेनिथ 'बी' ले एन्जल्स हार्ट 'बी' लाई ८-६ तथा एन्जल्स हार्ट 'ए' ले इन्साइट भिजन 'बी' लाई ६-५ ले पाखा लगाए । सेमिफाइनलमा ऋतको भेट न्यु जेनिथ 'बी' सँग हुनेछ ।

# महिला खेलकुद सहभागी कार्यक्रम

■ प्रभाव संवाददाता



**काठमाडौं**– राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा हुने राष्ट्रपति खेलकुद महिला सहभागिता अभिबृद्धि कार्यक्रममा परिचालन हुने टोलीको बुधबार बिदाइ गरिएको छ ।

राखेपका सदस्यसचिव टंकलाल घिसिङले टोलीलाई एक कार्यक्रमबीच बिदाइ गरे । कार्यक्रम उपत्यकाका ३ सहित २१ जिल्लामा सञ्चालन गरिने छ । काठमाडौं, ललितपुर, भक्तपुर, इलाम, ओखलढुंगा, भोजपुर, सिराहा, सर्लाही, रामेछाप, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, तनहुँ, कास्की, कपिलवस्तु, बाँके, जुम्ला, सुर्खेत, डडेल्धुरा, कैलाली र कञ्चनपुरमा कार्यक्रम हुनेछ ।

कार्यक्रममा कक्षा ८ देखि १२ सम्म अध्ययनरत करिब ४ हजार छात्राको सहभागिता रहने खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मिनकुमार शर्माले जनाएका छन् ।

प्रशिक्षार्थीहरूलाई नेपाल केआईएफ कुरोदय संघ र नेपाल मार्सल सेल्फ डिफेन्स संघले आत्मरक्षा सम्बन्धी तालिम दिने छन् ।

फुटबल, भलिबल, तेक्वान्दो, कराते र रग्बी खेलको प्रशिक्षण पनि दिइने छ । राखेपअन्तर्गत नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) का विज्ञहरूले मनोविज्ञान सम्बन्धी प्रशिक्षण दिने छन् । कार्यक्रम असार मसान्तसम्म सञ्चालन हुनेछ ।

# नेपाल भलिबल संघको पूर्ण बैठक साउन पहिलो साता

**काठमाडौं (प्रस)**– नेपाल भलिबल संघको कार्यसमितिको पूर्ण बैठक साउन पहिलो साता बस्ने भएको छ । संघका महासचिव जितेन्द्रबहादुर चन्देले संघको कार्यसमितिको पूर्ण बैठक साउन ५ गते भक्तपुरमा बस्ने गरि सूचना जारी गरेका छन् ।

भक्तपुर दरबारस्क्वारको ख्वापा छेन रेस्टुरेन्टमा डाकिएको बैठकमा संघका पदाधिकारी, जिल्ला र प्रदेश संघका अध्यक्षलाई डाकिएको छ ।

बैठकको एजेण्डाका विषयमा जानकारी गराईएको छैन । तर, यस बैठकले संघको निर्वाचनको मिति घोषणा गर्ने बताईएको छ । कार्यकाल सकिएको करिब दुई वर्ष बितिसक्दा समेत संघको नयाँ निर्वाचन हुन सकेको छैन । १३ औं साग खेलकुद, कोभिड-१९ को प्रकोप र नयाँ ऐनले संघको नयाँ कार्यसमिति आउन नसकेको हो । करिब ६ वर्षअघि निर्वाचित कार्यसमितिलेनै अहिले संघ चलाइरहेको छ ।




संघले आबद्ध ७७ जिल्ला र ६ प्रदेशको निर्वाचन भने सकिसकेको छ । विवादको कारण बागमती प्रदेशको निर्वाचन भएको छैन  । यस अघि संघको पूर्ण बैठक पोखरामा बसेको थियो । पोखराको बैठकले असार १० गतेसम्म जिल्ला र प्रदेशको निर्वाचन सक्ने निर्णय गरेको थियो । यस्तै बैठकले निर्वाचनका लागि केन्द्रीय प्रतिनिधि समेत तोकेको थियो ।

# श्रीलंका संकट : समस्याग्रस्त अन्य अर्थतन्त्रमा खतराको घण्टी

**बैंकक–** चरम आर्थिक संकटको सामना गरिरहेको श्रीलंका बाहृय सहायताका निम्ति याचना गरिर हँदा समस्याग्रस्त अर्थतन्त्र भएका विश्वका अन्य देशहरूमा खतराको घण्टी बजेको छ ।

श्रीलंकाको अर्थतन्त्र पहिलोपटक तहसनहस भएको भए पनि उसकै बाटोमा लाओस, पाकिस्तानमात्र होइन भेनेजुएलादेखि गिनिसम्मका देश अग्रसर हुन लागेका प्रतीत भएको छ । केही देशमा रूस-युक्रेन युद्धले समस्या थप चर्काएको छ । इन्धनसहित आकासिँदो उपभोग्य सामग्रीको मूल्यले श्रीलंकाको नियति भोग्नुपर्ने परिस्थिति कमजोर अर्थतन्त्र भएका देशमा पनि उत्पन्न हुने चेतावनी ग्लोबल क्राइसिस ग्रुपले दिएको छ ।

गरिब देशमा बढ्दो आर्थिक तनावले जनतालाई उत्तेजित पार्दै उनीहरूलाई सडकमा ल्याएको छ भने कोरोना महामारीविरुद्धको लडाइँमा जुट्न लिइएका सहायता रकम, उच्च ब्याजसहितका ऋण, विदेशीसँग लिएका ऋणको आवधिक भुक्तानीका दायित्वले उनीहरूलाई अझ प्रभावित पारेको छ । विश्वका आधाभन्दा बढी मुलुक ऋण चुक्ता गर्न संघर्षरत छन् भने गरिब देशहरू ऋण संकटबाट मुक्त हुनसक्ने अवस्था छैन ।

अति कमजोर अर्थतन्त्र भएका देश महामारीभन्दा अघिदेखि महारोगका रूमा फैलिएको चरम भ्रष्टाचार, गृहयुद्ध, विद्रोह र दैवी विपत्तिबाट थप बिथोलिएका वास्तविकता क्राइसिस ग्रुपले औंल्याएको छ । अफगानिस्तान, पाकिस्तान, अर्जेन्टिना, इजिप्ट, लाओस, लेबनान, म्यान्मा, टर्की, जिम्बाम्बेलगायत देशको अर्थतन्त्र जोखिममा रहेको ग्रुपको ठहर छ । *रासस/एपी*

